THE GURKHA WELFARE TRUST

# समाचार
# SAMACHARA

गोर्खा वेल्फेयर ट्रष्टको खबर पत्रिका

www.gwtnepal.org | ०६१-५६७२६५

संख्या ६९
सन् २०२४

info@gwt.org.uk

Registered with FUNDRAISING REGULATOR



## फूर बहादुर गर्वका साथ आफ्ना सैन्य सेवाका दिनहरू सम्झनुहुन्छ

पट्रोल बेस जिरीमा सञ्चालन गरिने त्रैमासिक क्लिनिकमा ८० बर्षीय फूर बहादुर सुनुवार र वहाँका श्रीमतीलाई हामीले भेट्यौं।

यसरी सञ्चालन गरिने त्रैमासिक क्लिनिकहरुमा पेन्सनरहरुले अत्यावश्यक मेडिकल सेवा प्राप्त गर्नुका साथै आफ्ना सैन्य जीवनका पलहरु सम्झँदै साथीहरुलाई भेट्ने र गफ गर्ने मौका पाउँछन्।

*बाँकी पृष्ठ ३ मा ..........*

**"सन् १९६१ मा धरानबाट म भर्ती भएको थिएँ। भर्ती हुन जाँदा म खाली खुट्टा थिएँ र मसँग २५ रुपैयाँ मात्र थियो।"**

# कार्यकारी अधिकृतको सन्देश



चुनावको समयमा जहिले पनि अनिश्चतता र अज्ञात तत्वहरुको माहोल हुने गर्दछ।

यद्यपि, हामीलाई यो पनि थाहा छ कि गोर्खा वेल्फेयर ट्रष्ट जुनसुकै चुनौतिहरुको सामना गर्न पर्याप्त गतिशिल छ।

तपाईंहरुलाई विदितै होला, गत सालबाट, बेलायत सरकारले आफ्नो खर्चहरुको कटौती गर्ने क्रममा हामीले नेपालमा गर्ने खानेपानी योजनाहरुमा पाइरहेको कोष पनि पाउन बन्द भएको छ। तर, तपाईंहरुको सहयोगको कारण हामी पहाडमा रहेका समूदायहरुलाई स्वच्छ पिउने पानी उपलब्ध गराउन सफल भईरहेका छौं।

कोभिड महामारी सकिएपछि बेलायतमा भएको आर्थिक मन्दीको समयमा पनि हामी हाम्रो प्रभावकारी आर्थिक व्यवस्थापनका कारण भू.पू. गोर्खाली तथा वहाँका परिवारहरुलाई आर्थिक सहयोग र आवश्यक मेडिकल सेवा निरन्तर रुपमा प्रवाह गर्न सफल रह्यौं।

यी उदारहणहरुले तपाईंहरुको सहयोगका कारण हामी जस्तो सुकै आँधी हुरी सामना गर्न सक्छौं भन्ने कुरा सिद्ध गर्दछ। नेपालमा भने मौसमी रुपमा आँधी हुरी आउँछ।

नेपालमा बर्खामा हाम्रा सहकर्मीहरुले सामना गर्नु पर्ने चुनौतिहरुका बारे कृपया पृष्ठ आठमा पढ्नु होला।

नेपाल विश्वको सबैभन्दा कठोर वातावरण भएको देशहरु मध्ये एक हो भने कमजोर पूर्वाधार र भूकम्पीय गतिविधिको निरन्तर जोखिमले यसलाई अझ थप चुनौतिपूर्ण बनाएको छ। यसै कारण विपत् आएको खण्डमा हामी तयारी रहेको र हामीले सेवा प्रवाह गर्ने समुदायहरु पनि यसको सामना गर्न तयार रहेको सुनिश्चित गर्न अति आवश्यक छ।

अल हावर्ड
कार्यकारी अधिकृत
गोर्खा वेल्फेयर ट्रष्ट

**राजाको जन्मोत्सवको अवसरमा सम्मान**

फरक क्षमता भएकाहरुका बारेमा जनचेतना फैलाउने कामको सम्मान स्वरुप GWT का सद्भावना दूत हरी बूढा मगरलाई Member of the Order of the British Empire (MBE) प्रदान गरिएको समाचार सुनाउन पाउँदा हामी गर्वित छौं।

यस्तै गरि GWT का अध्यक्ष Lt Gen. Richard Wardlaw पनि Companion of the Order of the Bath (CB) बाट सम्मानित हुनुभएको छ।



Hari Budha Magar MBE



Lt Gen. Richard Wardlaw CB



## पेन्सरहरूलाई अत्यावश्यक मेडिकल सेवा

आफ्नो पेन्सन लिन र सोहि समयमा मेडिकल सेवा लिन हाम्रो एरिया वेल्फेयर सेन्टर (AWC) हरुमा प्रत्येक तिन महिनमा क्लिनिक सञ्चालन गरिन्छ।

AWC सम्म यात्रा गर्न असमर्थ या दूर्गम क्षेत्रमा बस्ने पेन्सरहरुलाई आवश्यक मेडिकल सुविधा दिन हाम्रा सहकर्मीहरु वहाँहरुको घर सम्मै पुगेर पनि सेवा दिने गर्दछन्।

हाम्रा मेडिकल सहकर्मीहरुले स्वास्थ्य जाँच अन्तर्गत वजन नाप्ने, ब्लड सुगर जाँच्ने, ब्लड प्रेसर नाप्ने तथा आफू स्वस्थ रहन सल्लाह र हाडजोर्नीहरुको दुखाई कम गर्न विभिन्न किसिमका व्यायामहरु सिकाउने गर्दछन्।

पृष्ठ १ बाट



फूर बहादुर र मीना देवी सुनुवार

## फूर बहादुर सुनुवारको कथा

फूर बहादुर सुनुवार १० औं गोर्खा राइफल्स् का भू.पू. सेना हुनुहुन्छ र वहाँले सन् २००६ बाट GWT ले प्रदान गर्ने पेन्सन लिइरहनुभएको छ। वहाँ र वहाँकी श्रीमती मीना देवी पट्रोल बेस जिरीसम्म पैदल आउनु भएको थियो।

*"म सन् १९६१ मा धरानबाट भर्ती भएको थिएँ। भर्ती लागेपछि हामी जोगबनी हुँदै कलकत्ता गयौं र त्यहाँबाट सिंगापुर उड्यौं। त्यहाँ हाम्रो तालिम सुरु भयो र हतियार चलाउन पनि सिक्यौं। हामी दैनिक जसो परेड पनि खेल्नु पर्थ्यो। सुरुमा लट्ठी समाएर दौडन लगाउँथ्यो र पछि SLR राइफल बोकेर दौंटन थाल्यौं।"*

*"मेरो सेवाको दौरान धेरै हतियारहरु फेरबदल भए, SLR को बदलीमा AR-15 र LMG को बदलीमा GPMG। दुई ईन्ची मोर्टर र रकेट लन्चर पनि बदली भएको थियो। पानीजहाजमा जडित हतियार चलाउन पनि मैले तालिम पाएको थिएँ। त्यो हतियार सबैले चलाउन सक्ने थिएन, निकै बल लगाउनु पर्थ्यो।"*

## बहादुरीको सम्मान स्वरूप मेडल

*"बोर्नियोमा ईन्डोनेसिया विरुद्ध म लडेको कारण मलाई एउटा मेडल प्रदान गरिएको थियो। हामी जंगलमा गस्ती गर्दा त्यहाँका रुखहरु यति अग्ला थिए कि त्यसको उचाई कति छ भनेर यकिन गर्न सकिन्नथ्यो। आकास पनि सानो प्वाल जस्तोबाट देखिन्थ्यो। हामीले जमिन देख्न नसक्ने दलदली क्षेत्रहरुबाट हिंड्नुपर्थ्यौं।"*

*"एक पटक पानी जहाज दुर्घटनामा ११ औं पल्टनका ५/६ जना साथीहरुको मृत्यु भएको थियो। दुश्मनलाई आक्रमण गर्न जंगलमा लुकेर बस्नु पर्थ्यो। जंगलमा हिँड्दा बोल्न र आवाज निकाल्न निषेध थियो। भारी बर्षामा आफ्नो खानाको रासन र मच्छरदानी बोकेर ४/५ दिनसम्म हिँड्नु पर्थ्यो। हेलिकप्टरबाट खसालिएको नयाँ कपडा र बुट फेरेर लगाउने गर्थ्यौं।"*

*"मैले करिब ९ वर्ष र दुई सय ३० दिन सैन्य सेवा गरेँ। सेना छाड्ने हो भने ३६० रुपैयाँ पाउने कुरा भयो र मैले हात उठाएँ। म लान्स कर्पोरलमा बढुवा भएको छ महिना मात्र भएको थियो। सैन्य सेवा छोडेपछि म भारत गएर एउटा कम्पनीमा ३० वर्ष चौकिदारको रुपमा काम गरें। त्यहाँको सेवाबाट अवकाश पाएपछि म नेपाल फर्किएँ।"*

## भू.पू. गोर्खालीहरूका लागि पेन्सन प्रमुख बाँच्ने आधार

"मैले मासिक रुपमा न्द्ट बाट पेन्सन पाँउछु*। कहिले म आफैं लिन जान्छु भने कहिलेकाँही मेरो कान्छो छोराले ल्याएर दिन्छन्।"

"मेरो खेत घरबाट अलि पर भएको कारण म आफै खेती गर्न सक्दिन, अधियाँमा दिएको छु। त्यसको लागि चाहिने मल, गोरु र खेतालो ज्याला मैले व्यहोर्नु पर्छ। हामीलाई खान र लाउन पनि पर्छ, पेन्सनको पैसा यसैमा खर्च हुन्छ। हप्ताको एक दिन मासु खान मन पराउँछु। मलाई दूध, घिउ र मह एकदम मन पर्छ।"

*"बेलायती जनताबाट सहायता पाउँदा म खुशी छु। हामीले उनीहरुका लागि लड्यौं र अहिले उनिहरुले हामीलाई सहयोग गरिरहेका छन्। यसरी सहयोग नपाएको भए जीवन निकै कठिन हुन्थ्यो होला। म सम्पूर्ण सहयोगदाताहरुलाई धन्यवाद दिन चाहन्छु। भगवानले आशिर्वाद दिउन्। वहाँहरुको आयु लामो होस् र हामी जस्तालाई निरन्तर सहयोग गरिरहन सकुन्।"*

*हाल GWT ले प्रदान गर्ने मासिक पेन्सन रु १७,५०० रहेको छ।


पट्रोल बेसमा पेन्सन र मेडिकल सेवा लिन जाँदा पल्टने गफ गर्ने मौका पनि हुन्छ



# हाम्रो कर्मचारी सदस्य: ईजीना राई

## परिचय

नेपालमा रहेका भू.पू. गोर्खाली तथा वहाँका विधवाहरुको उमेर ढल्की रहँदा गोर्खा वेल्फेयर ट्रष्टले वहाँहरुलाई प्रदान गर्ने मेडिकल सेवा थप महत्वपूर्ण हुँदै गएको छ।

एरिया वेल्फेयर सेन्टरहरुमा नियमित क्लिनिक सञ्चालन गर्नुको साथ साथै दुर्गम क्षेत्रमा रहेका र क्लिनिकमा उपस्थित हुन नसक्ने पेन्सनरहरुलाई वहाँहरुको घरमै गएर पनि हामीले सेवा पुऱ्याउँदै आइरहेका छौं।

गोर्खा वेल्फेयर ट्रष्टमा विगत दुई वर्ष देखि कार्यरत ईजीना राईसंग हामीले कुराकानी गऱ्यौं। वहाँले धरानबाट मेडिकल असिस्टेन्टका रुपमा सेवा सुरु गर्नुभएको थियो भने मोबाइल हेल्थ प्र्याक्टिसनरमा बढुवा केही समय पट्रोल बेस बागलुङ्गमा र हाल खाँदबारीमा कार्यरत हुनुहुन्छ।

## गोर्खा वेल्फेयर ट्रष्टलाई कार्यक्षेत्र रोज्नुको कारण?

*"यहाँ आउनु अघि म बिराट मेडिकल कलेज टिचिङ्ग हस्पिटलको ईन्टेन्सिभ केयर यूनिटमा कार्यरत थिएँ। भू.पू. गोर्खाली समुदायहरुलाई घरमै गएर सेवा दिएर मानवीय कार्यमा केही योगदान गर्न सकिने देखेर म यहाँ काम गर्न ईच्छुक भएकी थिएँ।"*

*"यसको साथै, सेवा र सामाजिक उत्तर दायित्वमा समर्पित समुहसंग मिलेर काम गर्दा आत्मासन्तुष्टि पाउने विश्वास पनि थियो।"*

## तपाईको काममा के-कस्ता चुनौतीहरुको सामना गर्नु पर्ने हुन्छ?

*"सिमित पहुँच भएका दुर्गम क्षेत्रहरु स्वास्थ्य सेवा पुऱ्याउने चुनौति सँधै हुन्छ। मोटरसाइकलमा यात्रा गर्दा डरलाग्दा भिर पाखा र मौसमी चुनौतीहरुको पनि सामना गर्नु पर्ने हुन्छ।"*

*"पेन्सनरको घरसम्म पुगेर सेवा दिन जाँदा सबै भन्दा लामो यात्रा दुई दिनको थियो जुन मेरो लागि एक अविष्मरणीय अनुभव रहने छ।"*

*"तर, जस्तै कठिन यात्रा भएतापनि ती वृद्ध-वृद्धाहरुलाई घरमै गएर अत्यावश्यक स्वास्थ्य सेवा पुऱ्याउन पाँउदा मलाई गर्व लाग्छ।"*

*"हाम्रा एरिया वेल्फेयर सेन्टरमा कार्यरत सहकर्मीहरुको सहयोग बिना यसरी दुर्गम क्षेत्रमा पुगेर सेवा दिन असम्भव प्राय नै हुन्छ।"*

## तपाईको काम बारे मनपर्ने कुरा?

*"पेन्सनरको घरमै पुगेर स्वास्थ्य सेवा दिने, राम्रो सम्बन्ध बनाउने, निरन्तर सिक्ने मौका, निरन्तर सिक्ने मौका, विभिन्न किसिमका समस्याहरु सामना गर्न सिक्ने अनुभव र भू.पू. गोर्खाली तथा तिनका विधवाहरुको जीवनमा सकारात्मक प्रभाव पार्न सक्नु नै मेरो कामबारे मन पर्ने कुरा हो।"*

## आफ्नो खाली समयमा के गर्न रूचाउनु हुन्छ?

*"छुट्टीको समयमा मलाई किताबहरु पढ्न, हाइकिङ्ग गर्न, प्रकृतिसंग रमाउन र आफन्त जनहरुलाई भेट्न रुचाउँछु।"*







# छेम्दी गाँउमा खानेपानी योजनाले पुऱ्याएको राहत




पोखराबाट पश्चिम करिब पाँच घण्टा गाडीमा यात्रा गरेपछि छेम्दी गाँउ पुगिन्छ जहाँ अधिकांश गाँउलेहरु मगर जातीका छन् र प्राय खेती किसानी गरेर जीविकोपार्जन गर्ने गर्छन्। करिब तीन सय जनसंख्या रहेको उक्त गाँउमा ७१ घरधुरी छन्।

## पुरानो खानेपानी योजना

धेरै समय देखि गाँउमा पानीको समस्या थियो र गाँउका महिलाहरुले पानी भर्नका लागि लामो पैदल यात्रा गर्नु पर्थ्यो।

वि.सं. १९९६/९७ तिर एक गैर सरकारी संस्थाले गाँउमा सामुदायिक धारा सहितको खानेपानी योजना निर्माण सम्म गरेतापनि निरन्तर पानी आँउदैनथ्यो।

GWT का समर्थकहरुलाई धन्यवाद, वहाँहरुको कारणले हाल गाँउमा भरपर्दो र स्वच्छ खानेपानी योजना सम्पन्न भएको छ। प्रत्येक घरको आँगनमा २४ घण्टै चलाउन सकिने पानीको धारा जडान भएको छ।

श्री देउमान पूर्जा यस खानेपानी उपभोक्ता तथा सरसफाई समितिका अध्यक्ष हुनुहुन्छ।

*"यहाँ भएको पुरानो धाराहरु करिब २५ वर्ष अघि बनेको थियो। पानी दुई मुहानहरुबाट ल्याइएको थियो भने गाँउका विभिन्न ठाँउहरुमा सामुहिक धाराहरु राखिएको थियो।"*

वहाँले थप भन्नुभयो,

*"मुहानमा पानी संकलन गर्ने ठाँउ खुला हुनुको कारणले धारामा फोहरहरु पनि आउँथ्यो। पानी परेको बेला धारामा धमिलो पानी आउँथ्यो भने पानी जन्य रोगहरुको जोखिम सधैं रहिरन्थ्यो। पानीलाई सधैं उमालेर पिउनु पर्थ्यो।"*

## सामुदायिक परिवर्तन

खानेपानी उपभोक्ता तथा सरसफाई समितिका सचिव श्रीमती अनू थकाली यस नयाँ योजनाप्रति सन्तुष्टि व्यक्त गर्दै भन्नु हुन्छ:

*"म यस छेम्दी खानेपानी उपभोक्ता तथा सरसफाई समितिको सचिव हुँ। म गृहिणी भएको हुनाले घर बार र खेतीपाती सबै हेर्नु पर्छ। यस नयाँ खानेपानी योजनाबाट हामी सबै गाँउलेहरु खुशी छौं। एकदमै राम्रो छ। सबै घरमा स्वच्छ पिउने पानीको पहुँच भएको हुँदा म खुशी छु।"*

योजना सम्पन्न गरेको मात्र नभई समुदायलाई सरसफाई सम्बन्धी अभ्यास र सचेतना फैलाउन सफल भएकोमा वहाँले गोर्खा वेल्फेयर ट्रष्टलाई श्रेय दिनुभयो।

*"GWT ले योजमा सम्पन्न गर्नुको साथै गाँउलेहरुलाई मुहान सुरक्षाको आवश्यकता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, पानीको शुद्धिकरण र योजनालाई दिगो बनाईराख्ने आवश्यकताबारे ज्ञान बाँडेको छ।"*

योजनाका सम्पन्न गर्नका लागि व्यक्तिगत आर्थिक योगदान गर्न असक्षम केही परिवारलाई समितिले छुट दिएको निर्णय सराहनीय भएको भन्दै भन्नुभयो:

*"विशेष गरि फरक क्षमता भएका, विपन्न वर्गका र बृद्ध-बृद्धाहरु मात्र भएका केही परिवारहरुले व्यक्तिगत आर्थिक योगदान गर्न असक्षम थिए। यस खानेपानी उपभोक्ता तथा सरसफाई समितिले त्यस्ता तीन परिवारहरुलाई बुझाउनु पर्ने रकम सम्पूर्ण मिनाहा गरिदियो जुन मेरो बिचारमा सामुदायिक सौहार्दताको एउटा राम्रो उदाहरण हो।"*

अन्तमा वहाँले भन्नुभयो: *"यस योजनाका प्रायोजक तथा सम्पूर्ण कर्मचारीहरुलाई धेरै धन्यबाद दिन चाहन्छु।"*

# श्री जनकल्याण मा.वि. को रूपान्तरण योजना



## गाँउ तथा समुदाय

चिएरी भन्ज्याङ्ग पुग्न एरिया वेल्फेयर सेन्टर घरानबाट सवारी साधनमा करिब डेढ घण्टा लाग्छ जसमध्ये आधा बाटो पुरै कच्ची रहेको छ। समुद्री सतहबाट १,१५० मिटर उचाईमा रहेको उक्त गाँउको भौगोलिक अवस्थाले गर्दा पनि यहाँ दैनिक जीवन कष्टकर हुनुका साथै विकासका लागि बाधा हुन पुगेको छ।

यहाँ अधिकांश गाँउलेहरु खेतीपातीमा निर्भर छन्, तर त्यसको उब्जनी या आम्दानीले वर्षभरी टिक्न सक्ने अवस्था छैन। युवाहरु उज्ज्वल भविष्य र नेपालमा रहेका परिवार लाई आर्थिक सहयोग गर्ने आशाले श्रम गर्न विदेश पलायन भएका छन्।

## गाँउको विद्यालय

२५० भन्दा बढी विद्यार्थी संख्या भएको श्री जनकल्याण मा.वि. मा छेउका गाँउहरुबाट पनि अद्यापन गर्न विद्यार्थीहरु आउने गर्छन्। केही विद्यार्थीहरु त करिब दुई घण्टा पैदल यात्रा पनि गर्छन्।

विद्यालयमा आवश्यक आधारभूत सुविधाहरुको कमी रहेको छ भने भवनहरुलाई मर्मत गर्नु पर्नेछ। यसको साथै थप कक्षाकोठाहरु, छात्रहरुको लागि व्यवस्थित शौचालय, पुस्तकालय, कम्प्युटर कोठा र डेस्क-बेञ्चीहरुको पनि आवश्यकता छ।

**विद्यालयका प्रधानाध्यापक सुजन थेबे भन्नुहुन्छ,**

*"गाँउका अग्रजहरुले धेरै कठिनाई भोगेर पनि आफ्नो निरन्तर प्रयासका कारण श्री जनकल्याण मा.वि. सन् १९८१ मा स्थापना गर्न सफल भएका हुन्। विद्यालय स्थापना गर्न कतिले त आफ्ना नीजि सम्पति बिक्री गरेर पनि आर्थिक योगदान गरेका थिए अरे भनेर सुनेको छु।"*

*"यो विद्यालय पैले अर्कै ठाँउमा स्थापना गरिएको थियो तर त्यहाँ अत्यधिक हावा चल्ने हुनाले अन्यत्रै सारियो। त्यो दोश्रो ठाँउ पनि त्यति उचित नभएपछि यहाँ आएर स्थापना गरिएको हो।"*

*"विद्यालय आर्थिक रुपमा कजोर छ। यहाँका अधिकांश गाउँलेहरु निम्न वर्गीयहरु छन्। अलि सम्पति भएकाहरु तल बजारमा झरिसके। यहाँको भौगोलिक अवस्थाले पनि यस ठाँउलाई चुनौतिपूर्ण बनाएको छ।"*

*"कक्षाकोठाको अभाव भएर हामीले यी दुई कोठाहरुलाई बीचमा भाग गरेर चार कोठा बनाएका छौं। हाम्रोमा शिक्षक र कर्मचारीहरुका लागि पनि पर्याप्त कोठाहरु छैन। प्रशासनिक कर्मचारी लगायत सबै शिक्षकहरु र प्रधानाध्यापक एउटै कोठामा बस्छौं। यहाँ पुस्तकालय र कम्प्युटर ल्याबको अभाव छ। छात्राहरुका लागि शौचालय भएतापनि छात्रहरुका लागि व्यवस्थित शौचालय छैन। पर्याप्त मात्रामा डेस्क-बेञ्चीहरु पनि छैन। हामीले धेरै चुनौतिहरुको सामना गरिरहनु परेको छ।"*

## गोर्खालीहरुसंग सम्बन्ध

*"मलाई गोर्खा वेल्फेयर ट्रष्ट र यसले प्रदान गर्ने सेवाहरुको बारे थाहा थियो। मेरो बुवा भारतीय सेनाका भू.पू. सैनिक हुनुहुन्छ भने मेरा काकाहरुले ब्रिटिश सेनामा सेवा गरेका थिए। मेरो परिवारमा पुस्तौ देखि लाहुरेहरु थिए भने यस विद्यालय निर्माण योजनाका निवेदक पनि भू.पू. गोर्खालीनै हुनुहुन्छ।"*

*"म पनि भर्ति हुन त धेरै पटक प्रयास गरें तर सफल भइन।"*









## *"गोर्खाली भन्नाले वफादार, मेहनती र अनुशासित सिपाहीं भनेर चिनिन्छ।"*

क्याप्टेन (रिटायर्ड) केदार राई धरान स्थित वेल्फेयर सेन्टरका सिनियर ए.डब्लू.ओ. हुनुहुन्छ। वहाँले क्विन्स गोर्खा सिग्नल्समा करिब २८ वर्ष सेवा गर्नु भयो भने सेवाको दौरान ईराक र अफगानिस्तान लगायत विभिन्न देशहरुमा खटिनु भयो।

*"मेरो पुरानो गृह जिल्ला दिक्तेल हो। पहिले त गाँबाट धरान आउन चार दिन पैदल यात्रा गर्नु पर्थ्यो। हाल मोटर बाटो भए पनि आठ/नौ घण्टा त लागि हाल्छ। हाम्रो पालामा गल्लाहहरु गाँउमा आएर रिक्रुटहरु खोज्ने र छान्ने गर्थ्यो। बेलायती सेनामा भर्ति हुँदा म १८ वर्ष छ महिनको थिएँ।"*

*"मेरो बुवाको आठ भाईहरु मध्ये सात जना त ब्रिटिश सेनामै भर्ति भएका थिए।"*

### चुनौतिहरुको सामना

केदार राईले विगत सात वर्ष देखि ट्रष्टमा आबद्ध भएर काम गरिरहनु भएको छ।

*"यहाँको भौगोलिक स्थिति र मौसमका कारण एक ठाँउबाट अर्को ठाँउमा जान कठिनाई हुन्छ। विशेष गरेर बर्खाको मौसममा बाढी र पहिरोका कारण।"*

*"अर्को चुनौति भनेको पेन्सनरहरुको GWT प्रतिको आशा हो। वहाँहरुले हामीबाट ठूलो आशा राखेको छ र प्राथमिकताको हिसाबमा पनि हाम्रा लागि पेन्सनरहरुनै अग्र पङ्क्तिमा हुनुहुन्छ। तथापि, हामीले दुर्गम क्षेत्रमा रहेका बिपन्न नेपाली समुदायहरुलाई पनि केहि सहयोग दिन आवश्यक छ।"*

*"एरिया वेल्फेयर सेन्टरको कार्यक्षेत्र निकै ठुलो छ जसमा हामीले आठ वटा जिल्लाहरु हेर्छौं। यहाँका समुदायहरु आफ्ना माग लिएर हामीकहाँ आउँछन् या हामी नै समुदायमा गएर त्यहाँको आवश्यकता बारे बुझ्छौं। थप डेस्क-बेञ्ची, छाना फेर्नु पर्ने, रङ्ग लगाउनु पर्ने, खेल मैदान, विद्याय परिसरको घेरावार वा नयाँ भवन जस्ता मागहरु हामीले हेर्ने गर्छौं। त्यस्ता निवेदनहरु हेरेर विद्यालयको निरिक्षण गरि यदि विद्यालयको आवश्यकता वास्तविक रहेछ भने उक्त निवेदनलाई सदर गरेर प्रधान कार्यालयमा पठाउँछौं जहाँ बोर्डले निर्णय गर्छ।"*

*"योजना स्विकृत भएपछि म त्यसमा सुरुवात देखि अन्त्यसम्म आबद्ध हुन्छु। यस वर्ष AWC धरानले यस्ता ९ योजनाहरु समयमै सम्पन्न गर्न सफल भएको छ। ट्रष्टको उच्च मापदण्ड अनुसार योजनाको निर्माण कार्य भईरहेको छ कि छैन भनेर हामी निरन्तर निगरानी पनि गरि रहन्छौं।"*

### धन्यबाद

भू.पू. गोर्खाली तथा विधवाहरुका लागि अत्यावश्यक मेडिकल सहायता पुर्‍याउन सहयोगका लागि गरेका हाम्रो पछिल्लो आह्वानलाई समर्थन गर्नुहुने सम्पूर्णलाई धन्यबाद।

दुर्गम क्षेत्रमा रहेकाहरु सम्म सेवा पुर्‍याउन हाम्रा सहकर्मीहरु पैदल नै भएर पनि पुग्न तयार छन्।







# बर्खाका चुनौतीहरू

नेपालमा बर्खाको मौसम प्राय जुनबाट सेप्टेम्बर महिनासम्म हुने गर्दछ भने जुलाई र अगष्टको समयमा भारि बर्षा हुने गर्दछ। कृषि प्रधान देश नेपालका लागि बर्खामा आउने पानी अत्यावश्यक छ। तथापि, पहाडी क्षेत्रमा बसोबास गर्ने भू.पू. गोर्खाली र वहाँहरुका परिवारलाई भारी बर्षा हुँदा बाढी र पहिरोको जोखिम हुने गर्दछ।

**नेपालको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विगत ५ वर्षमा बर्खाबाट हुन गएको विपद् का कारण एक हजार भन्दा बढीले ज्यान गुमाएका र दशौं हजार विस्थापित भएका छन्।**

धर, बाटो र पुलजस्ता पुर्वाधारमा क्षति हुँदा नेपालले वार्षिक एक अर्ब रुपैयाँ भन्दा बढी आर्थिक घाटा व्यहोरिरहनु परेको छ।

## बिग्रदैं गएको अवस्था

अभाग्यबस, पछिल्लो अध्ययन र मौसम विज्ञानको डाटाले यस वर्ष अत्यधिक वर्षा हुने अनुमान गरेको छ जसको मुख्य कारण जलवायु परिवर्तनको प्रभाव भनेर मानिएको छ।

जल तथा मौसम पूर्वानुमान विभागलेको पनि विगतका वर्षहरु भन्दा औसतमा २०% बढी वर्षा हुने प्रक्षेपण गरेको छ।

संसारका देशहरु मध्ये धेरै वर्षा हुने देश नेपाल रहेको र ८०% पानी बर्खा याममा पर्ने हुनाले यसरी प्रक्षेपण गरिएको बृद्धि चिन्ताजनक छ।

## समुदायहरुलाई जोखिम

यस्तो स्थितिमा हाम्रा भू.पू. गोर्खालीहरु तथा वहाँका समुदायहरुले भौगोलिक जोखम मात्र नभएरु अन्य चुनौतिहरुको पनि सामना गर्नु पर्ने हुन्छ।

बर्खाको समयमा पानीजन्य रोगहरु जस्तै झाडापखाला, हैजा, टाइफाइड र आँउका बिरामीहरु बृद्धि भई अस्पतालमा भर्ना हुने क्रम बढ्छ।

प्रभावकारी स्वास्थ्य सेवाको सहज व्यवस्था नभएको कारण नेपाल जस्तो देशमा रोकथाम गर्न सकिने माथि उल्लेखित रोगहरुका कारण मानिसहरुले ज्यान गुमाईरहेका छन्।

## अत्यावश्यक सहायता

यी बढ्दो चुनौतिहरुको पृष्ठभूमिमा गोर्खा वेल्फेयर ट्रष्टको भूमिका थप महत्वपूर्ण भएको छ। तपाईंहरुको समर्थनको कारण हामी सक्रिय भएर आवश्यक परेकाहरुलाई सहयोग पुर्‍याउन निरन्तर लागि परेका छौं।

पेन्सनरहरुलाई घरमै पुगेर सेवा दिन हाम्रा मेडिकल र वेल्फेयर कर्मचारीहरु तथा सवारी चालक सहित चार पाङ्ग्रे गाडी या मोटरसाइकलमा खटिन्छन्।

दैवि प्रकोप निवारण सम्बन्धी हाम्रो रणनीति अनुसार भूकम्प प्रतिरोधी घरहरुको निर्माण तथा बाढी र पहिरोले क्षति पुगेको खण्डमा तुरुन्त राहत दिने र आर्थिक सहयोग गर्ने योजना रहेको छ।

यसैबीच, हाम्रो खानेपानी योजनाले विभिन्न समुदायहरुमा सरसफाईको महत्व बारे चेतना र स्वच्छ खानेपानीको पहुँच पुर्‍याउँदै आइरहेको छ।





# हाम्रो कर्मचारी सदस्यः प्रतीक गुरुङ

## परिचय

प्रतीक गुरुङले गोर्खा वेल्फेयर ट्रष्टमा मनिटरिङ्ग एण्ड इभ्यालुएसन अफिसरका रुपमा काम गर्नु भएको छ वर्ष भन्दा बढी भयो। वहाँको योग्यताहरु मध्ये ईष्ट लण्डन विश्वविद्यालयबाट सार्वजिक स्वास्थ्यमा एमएससी (MSc in Public Health) पनि छ। वहाँले नेपाल रेडक्रस सोसाइटीमा हेल्थ अफिसर र नेपाल क्यान्सर रिलिफ सोसाइटीमा प्रोग्राम अफिसरका अभिभाराहरु सम्हाली सक्नुभएको छ। यसको साथै वहाँले टेरेन्स हिग्गिन्स ट्रष्टमा स्क्रिनिङ्ग सहायक तथा स्ट्रोक एशोशिएसनका सद्‌भावना दूतका रुपमा पनि काम गरिसक्नु भएको छ।

## गोर्खा वेल्फेयर ट्रष्टलाई कार्यक्षेत्र रोज्नुको कारण?

*“मेरो हजुरवुवा ब्रिटिश सेना थिए र वहाँले आफ्नो ट्रेनिङ्ग र दुश्मनहरु विरुद्ध लडेका कथाहरु सुनाउनु हुन्थ्यो र म मोहित हुन्थें। GWT बारे बुझ्न खोज्दा यस संस्थाले भू.पू. गोर्खालीहरु र दुर्गममा बसोबास गर्ने समुदायका लागि प्रभावकारी काम गर्ने रहेछ भनेर थाहा पाएँ। मलाई पनि मेरो हजुरवुवा र वहाँका सहपाठीहरुलाई सेवा दिने संस्थामा काम गर्ने ईच्छा जाग्यो।”*

## तपाईको काम बारे मनपर्ने कुरा?

*“मलाई सबै मन पर्छ। विशेष गरि आफ्नो कामको सिलसिलामा विभिन्न मानिसहरुलाई भेटेर कुरा गर्न। यात्रा गर्न, नयाँ ठाँउमा जान, त्यहाँको संस्कृति र खानाको परिकारहरुको अनुभव लिन पाईन्छ। समुदायमा हाम्रो कामको सकारात्मक प्रभाव देख्न पाउँदा मलाई खुशी लाग्छ - जुन उनीहरुको मुश्कानमा देखिन्छ। म आफ्नो काममा सत प्रतिशत सन्तुष्ट छु।”*

## आफ्नो खाली समयमा के गर्न रुचाउनुहुन्छ?

*“मलाई खानाको विभिन्न परिकारहरु पकाउन मन पर्छ र नयाँ ठाउँहरु घुम्न मन लाग्छ।”*

प्रतीकले को खाना सम्बन्धी चिल्ली एण्ड स्पाइस रेसिपि क्लबका लागि विभिन्न खानाका परिकारहरु बनाउने तरिकाहरु भिडियो सहित उपलब्ध गराइसक्नु भएकोछ।

## तपाईको काममा के-कस्ता चुनौतीहरुको सामना गर्नु पर्ने हुन्छ?

*“यात्रा गर्दा बाटोहरुको समस्या हुन्छ। दुर्गममा रहेका खानेपानी योजनाहरुमा जाँदा प्राय बाटोहरु कच्ची नै हुन्छन्। गाँउमा पानीको मुहान पनि टाढा हुन्छ।”*

*“बाग्लुङ्ग जिल्लामा सम्पन्न भएको खानेपानी योजनामा गएको सम्झना मलाई अझै छ - मलाई निकै डर लागे पनि मुलसम्म पुग्न सफल भए। पहिले-पहिले त कति पटक लडियो र साथीहरु हाँस्थे पनि, अहिले त म सजिलै भिर पाखातिर हिँड्न सक्छु।”*

*“वर्षामा आउने बाढी र पहिरोले पनि समस्या दिन्छ। प्यूठान जिल्ला गएर फर्कने क्रममा बाटोमा पहिरो गएको हुनाले म एक दिनसम्म त्यहिँ बस्नु पर्‍यो। धैर्यधारण गर्न सक्ने क्षमता जीवनमा एक महत्वपूर्ण गुण रहेछ भन्ने कुरा मलाई त्यसबेला महसुस भयो।”*

## GWT ले गर्ने कामहरुबाट गोर्खाली पेन्सनरहरुमा पेरको प्रभाव कस्तो छ?

प्रतीकले हालसालै ओखलढुङ्गा जिल्लामा सम्पन्न भएको खानेपानी योजनको निरिक्षण गर्नुभएको थियो। हाल उक्त गाँउका हरेक घरमा स्वच्छ पिउने पानीको धारा उपलब्ध छ। गाँउका उपभोक्ता र गोर्खाली विधवा पूर्णमाया राईले प्रतीक मार्फत यो सन्देश पठाउनु भएको छ।

*“यो एकदमै राम्रो काम भएको छ। पहिले पानी लिन लाइनमा बस्नु पर्थ्यो, अहिले घरमै धारा छ। पहिले सामुहिक धारामा पानी निरन्तर आउने थिएन। अहिले बनेको ट्याङ्की निकै बलियो र राम्रो पनि देखिन्छ। मैले नयाँ घर पाएकी छु, अहिले धारा पनि पाएँ र स्वास्थ्य सुविधा र औषधीहरु पनि पाइरहेकि नै छु। अरु त मलाई के चाहियो र, म एकदमै खुशी छु।”*



## हाम्रा समर्थकहरुले आर्थिक सहयोग जुटाउन गरेका प्रयासहरु

### डोको बोक्ने प्रतियोगिता

गत जुन महिनामा २०० भन्दा बढी हाम्रा सर्थकहरुले भारी भएको डोको बाकेर ५ कि.मि.को दौड प्रतियोगितामा सहभागी भए।

यस क्रममा वहाँहरुले ट्रष्टका लागि बाह्र हजार आठ सय बेलायती पाउण्ड जुटाउन सफल भए जसको लागि हामी आभारी छौं।












### पैदल यात्रा गरेर ट्रष्टका लागि कोष जुटाउने चर्चित व्यक्तित्व जिम मोर्टन

सन् २०११ मा बेलायतको समुद्री किनारा ९,५०० माइल भन्दा बढी पैदल यात्रा गरेका व्यक्ति र ‘आई मे बि गन अ व्हाइल’ का लेखक, जिम मोर्टनले गत जुन महिनामा ट्रष्टका लागि कोष जुटाउन नयाँ प्रयास शुरु गर्नु भएको छ।

वहाँले D-Day Normandy landings भएका पाँच समुद्री किनाराहरुको लम्बाई बराबरको पैदल यात्रा शुरु गरेर D-Day को ८० औं वार्षिकोत्सवको दिनमा सम्पन्न गर्नुहुनेछ।

हालसम्म वहाँले ट्रष्टका लागि ४० हजार बेलायती पाउण्ड भन्दा धेरै रकम संकलन गरिसक्नु भएको छ। जिमलाई मुरी मुरी धन्यबाद।




## UPCOMING CHALLENGES

Berlin Marathon - 29 September 2024
Cardiff Half Marathon - 6 October 2024
Royal Parks Half Marathon - 13 October 2024
Great South Run - 20 October 2024
Dublin Marathon - 27 October 2024
London Landmarks Half Marathon - 6 April 2025
TCS London Marathon - 27 April 2025

**www.gwt.org.uk/events**

## NEPAL POON HILL TREK

**2-13 November 2024**

This is a once-in-a-lifetime opportunity to visit Nepal and embark on a five-day trek across the breathtaking Annapurna region, taking in stunning views of the famous “Fishtail” Mountain.

You’ll also have the opportunity to see our work in action, meeting our team in Pokhara and visiting some local projects.

**www.gwt.org.uk/nepaltrek24**

## मेडिकल उपचार खर्च दावी (SECONDARY MEDICAL CLAIMS - SMC) बारे जानकारी तथा निर्देशिका

१ जुलाई सन् २०२४ बाट लागू हुने गरि SMC प्रक्रियामा निम्न प्रकारका परिवर्तनहरु हुनेछन्:

### SMC दावी गर्न सकिने रकम:

- SMC दावी गर्न सकिने रकम वार्षिक **रु २,६३,००० ।-** प्रति लाभदायि। दन्त उपचार वार्षिक रु २०,००० सम्म। WP, NP, SP तथा GCSPF हरुका लागि Hearing aid रु २०,०००/- सम्म प्रति थान। WP हरुको हकमा चश्माको खर्च रु २,५००/- सम्म। यस बाहेक अरु सबैले चश्माको खर्च आफै ब्यहोर्न पर्ने हुन्छ।
- वार्षिक दावी गर्न सकिने रकम भन्दा धेरै खर्च दावी भएको खण्डमा त्यस्ता निवेदनहरु GWT(N) (GCSPF बाहेक) नियमानुसार GWT Medical Board मा पेश गरिनेछ।

### पेन्सनरहरूको व्यक्तिगत योगदान दर: १ जुलाई सन् २०२४ बाट लागू हुने गरि

| | ब्याण्ड १ | ब्याण्ड २ | ब्याण्ड ३ | ब्याण्ड ४ |
|---|---|---|---|---|
| **आय** | वेल्फेयर पेन्सनर | रु ५४,९१२/- सम्म मासिक पेन्सन पाइरहेका पेन्सनर/नन् पेन्सनरहरु (शिक्षक / मिडवाइफ / पंडित / बि.जि. सिभिलियन कर्मचारुहरु*) | रु ५४,९१३/- देखि रु १,०९,८२५/- सम्म मासिक पेन्सन प्राप्त गर्ने सर्भिस पेन्सनरहरु /ओ.एफ.पी(OFP)। | रु १,०९,८२६/- भन्दा माथि मासिक पेन्सन प्राप्त गर्ने सर्भिस पेन्सनरहरु। |
| **स्वंय आत्म योगदान** | ०% | ५% | १५% | २०% |

* GWT(N) SI मा उल्लेख भए अनुसार

नयाँ दर्ता भएका तथा पहिलो पटक दाबी गरेका पेन्सनरहरुको हकमा ब्याण्ड निर्धारण गर्नको लागि आफ्नो मासिक पेन्सनको विवरण खुल्ने कागजात पेश गर्नुपर्नेछ। हामिले सही विवरणको लागि सम्पर्क गर्नेछौं तर आवश्यक विवरण उपलब्ध हुन नसकेमा ब्याण्ड ४ मा स्वत: समावेश गरिनेछ, सही ब्याण्डमा रहनको लागि आवश्यक विवरण बुझाउने मुख्य जिम्मेवारी पेन्सनर स्वयंको नै रहनेछ।

### SMC दावी गर्दा पूरा गर्नु पर्ने प्रक्रियाहरू:

१. SMC दावी गर्ने सबै सेवाग्राहीहरु AWC मार्फत् MedIS मा दर्ता भएको हुनुपर्ने।
२. GWT को डाक्टरले GWT बाट मान्यता प्राप्त अस्पतालमा रिफर गरेको हुनुपर्ने। उक्त उपचारका लागि गरिएको रिफरल चिठ्ठी ३ महिनासम्म मान्य रहनेछ। दिर्घ रोगीको उपचार जस्तै हेमोडाएलसिस र क्यान्सर आदिका बिरामीहरुको हकमा रिफरलको मान्यता १ वर्षसम्म कायम रहनेछ।
३. आपतकालिन अवस्थामा अस्पताल गएको/भर्ना भएको खण्डमा सो कुरा २४ घण्टा भित्र अथवा अर्को कार्यालय खोल्ने समयमा AWC लाई जानकारी गराएको हुनुपर्ने। (उक्त अवधी ७२ घण्टा वा कार्यालय खोल्ने अर्को दिनसम्म आवश्यकता हेरि थपिन सकिनेछ।
४. सामान्य अवस्थामा रिफरल लगेको दिनबाट ३ महिना भित्र आफ्नो उपचार खर्चको दावी पेश गर्नु पर्नेछ। दिर्घ रोगीहरुको हकमा भने उपचार गरेको वा अस्पतालमा गएको अन्तिम दिनबाट ३ महिना भित्र आफ्नो उपचार खर्चको दावी पेश गर्नु पर्नेछ। Discharge भएको १ महिना भित्र आफै Follow Up मा जान सकिनेछ। त्यसपछिको उपचारको लागि रिफरल अनिवार्य छ।
५. दिर्घ कालिन उपचारको क्रममा रहेका बिरामीहरुलाई आफ्नो उपचार खर्चको दावी नियम अनुसार नै समय समयमा पेश गर्न सल्लाह दिइन्छ। जसले गर्दा GWT(N) बाट नियमित रुपमा नगद भुक्तानी भईरहन्छ र पेन्सनरलाई आफ्नो आर्थिक व्यवस्थापन गर्न सहयोग हुन्छ।
६. आवश्यक परेको समयमा सम्पर्क गर्नको लागि पेन्सनरहरुलाई आफ्नो सहि ठेगाना र सम्पर्क नम्बर नजिकको AWC मा गई अद्यावधिक गराउन हुन अनुरोध गरिन्छ।

### SMC दावी अस्वीकृत हुने सामान्य कारणहरू:

१. उपचार हुँदाको समयमा बिरामी MedIS मा दर्ता नभएको।
२. १८ वर्ष उमेर भन्दा माथिका सन्तानहरु।
३. सर्भिस पेन्सनरहरुका खण्डमा रु १,५०१/- भन्दा कम रकमका दावीहरु (तथापि ३ महिना भित्र भएका यस्ता स-साना खर्चहरु जोडेर एकमुष्ठ दावी गर्न सकिन्छ)।
४. अस्पतालमा उपचार गर्ने कममा भर्ना भएको बीलको पछिल्लो मितिबाट ३ महिना काटिसकेपछि बुझाएको दावी निवेदन र बाहिरंग विभागको उपचार गरेको खण्डमा अन्तिम विलबाट ३ महिना कटिसकेमा।
५. क्लिनिक या आयुर्वेदिक उपचार (यस्तो उपचारका लागि रिफरल पनि दिइँदैन)।
६. अपर्याप्त कागजपत्र, पुन: निवेदन गर्दा ६ महिनाको समय सिमा कटेको र पेन्सनर सम्पर्कमा नआएको अवस्थामा।
७. चश्मा (वेल्फेयर पेन्सनरहरु बाहेक)।
८. आपतकालिन अवस्थामा अस्पताल गएको/भर्ना भएको कुरा ७२ घण्टा भित्र AWC लाई जानकारी नगराएको।
९. GWT डाक्टरको रिफरल बिना कुनै पनि अस्पतालको बहिरंग सेवामा उपचार गराएको।
१०. GWT डाक्टरसंग सल्लाह/परामर्श नलिई नेपाल बाहिर उपचार गराएको।
११. GWT डाक्टले रिफर गरेको अस्पताल बाहेक अन्यमा गराएको उपचार खर्च।

**नोट:** दावी निवेदन बुझाएको ३ महिना कटिसक्दा पनि रकम भुक्तानी नभएको खण्डमा AWC को POC लाई सम्पर्क गर्नुहोला। स्विकृत भएको उपचार खर्च १ वर्षसम्म पनि गलत बैंक विवरण या अन्य कारणले भुक्तानी हुन नसकेको अवस्थामा स्विकृत रकम रद्द हुनेछ।



# GWT ANNUAL AUCTION 19 - 26 AUGUST 2024

**The GWT Annual Online Auction returns in August with another fantastic selection of gifts and experiences.**

Headline items include dinner for two at the Britannia Gurkha Restaurant, famed for its delicious Nepali cuisine (pictured) and a stunning Luminox watch.

There will also be a wide range of unique items and gifts including a GWT Anniversary shawl, beautiful presentation kukri knife, Veuve Clicquot champagne, signed photographs of Dame Joanna Lumley and exclusive items from our GWT Ambassadors.

***Please note: bidding is online and UK only***

Bidding from 9am on Monday 19th August to 9pm on Monday 26 August

**Bidding starts on 19 August - www.gwt.org.uk/auction24**

# THE BAND OF THE BRIGADE OF GURKHAS IN CONCERT

The Band of the Brigade of Gurkhas will be performing at two fundraising events later this year. We look forward to stunning performances from the band featuring a lively mix of Nepali music, military tunes and popular songs.

Tickets for both events are strictly limited and so purchasing your tickets early is advised.

**The Garden Rooms at Tennants, Leyburn**
Monday 4 November 2024

**Christmas Concert in Victoria, London**
Tuesday 17 December 2024

Find out more and buy tickets:
**www.gwt.org.uk/events**



# NEW IN OUR SHOP - GWT CHRISTMAS CARDS AND FLAG T-SHIRTS

Introducing our new range of Christmas cards with six delightful designs - available in our online shop now. We also have a super range of clothing and accessories including a stylish new T-shirt with the UK and Nepali flags.



Pack of 10 cards £4.50




Jungle Hat £10
Baseball Cap £14
Flag T shirt £20

**ORDER NOW >> shop.gwt.org.uk**
**or call 01722 323955**